"हरित नगर,समृद्ध दमक"
# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दमक–झापा
१ नं. प्रदेश, नेपाल
☎०२३-५८००४४, ५८०१३७, ५८०५०२, ५८१०५३
फ्याक्स नं. ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प०सं०
च०नं० ११८१

## बोलपत्र आव्हानको सूचना
(प्रथम पटक प्रकाशन मिति २०७५/५/५)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र यस नगरपालिकाको आर्थिक ऐन, २०७५ मा व्यवस्था भए बमोजिम यस नगर कार्यपालिकाको मिति २०७५/४/१८ गते बसेको बैठकवाट भएको निर्णयानुसार आ.व. २०७५/०७६ का लागि स्वीकृत IEE प्रतिवेदनले निर्धारण गरे बमोजिम देहायका ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म, निर्माण व्यवशायी वा संस्थाले तोकिएको शर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्न ३० (तीस) दिने यो सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

| | |
|---|---|
| ठेक्का नं. : | DMO/JHAPA/RIVER/M.R./02/075/76 |
| ठेक्काको बिवरण : | दमक नगरपालिका अन्तर्गत वहने रतुवा र मावा खोलाहरुवाट स्वीकृत IEE अनुसार निकालिने नदी जन्य सामाग्री उत्खनन, संकलन, घाटगद्दी एवं बिक्री मुल्य कर । |
| न्यूनतम ठेक्का अंक : | रु. ३,११,११,३८५/- (भ्याट वाहेक) |
| अवधि : | मिति २०७५ असोज १५ गते देखि २०७६ जेठ मसान्तसम्म । |
| बोलपत्र दस्तुर : | रु. ५,०००/- (पाँच हजार) मात्र । - *फिर्ता नहुने गरी* |

बोलपत्र खरिद गर्ने अन्तिम मिति : २०७५ असोज ४ गतेसम्म ।
बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय : २०७५ असोज ५ गते समय अपरान्ह १२:०० बजेसम्म ।
बोलपत्र खोलिने मिति र समय : २०७५ असोज ५ गते समय अपरान्ह २:०० बजे ।

**शर्तहरु**

१) बोलपत्र वा बिद्युतिय बोलपत्र खरिद गर्न ईच्छुक वोलपत्रदाताले तल उल्लेख भए अनुसारको बोलपत्र दस्तुर रा.बा.बैक दमक स्थित हि.नं. २१४०३०४०१८१०२ यस नगरपालिकाको मुल संचित कोष खातामा जम्मा गर्न सकिनेछ ।

२) खरिद भएका वोलपत्र मिति २०७५।६।५ गते दिन दिनको १२:०० बजे भित्र यस कार्यालयको नाममा सम्वोधन गरी ठेक्का नं., कामको बिवरण, बोलपत्रदाताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई शिलवन्दी लाहा छाप गरी यस कार्यालयमा दर्ता वा ई-विडिङ मार्फत सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ साईट http://www.bolpatra.gov.np मा भएको प्रावधान बमोजिम बोलपत्र पेश गर्न सकिनेछ । साथै बिद्युतिय सञ्चारको माध्यमवाट बोलपत्र पेश गरिने बाहेक कुनै बोलपत्रदाताले आफुले पेश गरेको बोलपत्र फिर्ता वा संशोधन गर्न चाहेमा बोलपत्र पेश गर्न तोकिएको अन्तिम समय समाप्त हुनु भन्दा २४ घण्टा अगावै र बिद्युततिय माध्यमको बोलपत्र पेश गर्न तोकिएको अन्तिम समय भित्र शिलवन्दी निवेदन पेश गर्नु पर्नेछ ।

३) कार्यालयवाट बोलपत्र फाराम खरिद गर्दा नेपाली नागरिकताको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७४।०७५ को करचुक्ता प्रमाणपत्र र तोकिएको रकम नगदै (पछि फिर्ता नहुने गरी) बुझाई माथि उल्लेखित समय भित्र यस कार्यालयवाट खरिद गर्न सकिने छ वा वेभसाईट मार्फत बोलपत्र पेश गर्दा उक्त प्रमाणपत्रहरु माथि सोही अनुसार पेश गर्नु पर्नेछ ।

४) माथि उल्लेखित न्यूनतम अंक भएको आन्तरिक आयको ठेक्का स्वीकृत भए पश्चात सम्झौताका बखत सम्वन्धित ठेकेदारले नेपाल सरकारले तोके अनुसार मु.अ.कर आन्तरिक राजस्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

५) बोलपत्र फारामहरु माथि उल्लेखित समय भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । सो समय भित्र पर्न आएका बोलपत्रहरु दाखिला गर्ने अन्तिम मितिका दिन दिनको २:०० बजेपछि बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । सो समयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

नि.प्रमुख प्रशासकीय अधिकृत
दमक नगरपालिका

Scanned by CamScanner

"हरित नगर, समृद्ध दमक"
# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दमक–झापा
१ नं. प्रदेश, नेपाल
☎०२३-५८००४४, ५८०१३७, ५८०५०२, ५८१०५३
फ्याक्स नं. ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प०सं०
च०नं० ११८१

६) वोलपत्र फाराम जसको नाममा खरिद गरिएको हो सोही फर्मको नाममा दाखिला गर्नु पर्नेछ ।

७) वोलपत्र फाराममा उल्लेखित कवोल अंकको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको रा. वा. वैंक दमक स्थित हि.नं.२१४०३०३००७१०२ धरौटी खातामा नगदै जम्मा गरेको सक्कलै वैंक भौचर प्रति वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५( पचहत्तर ) दिन म्याद भएको विड वण्डको सक्कलै प्रति पेश गर्नुपर्नेछ । धरौटी जम्मा गरेको भौचरको पछाडि धरौटी जम्मा गर्ने व्यक्ति/फर्मको नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

८) वोलपत्र फाराम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । टिपेक्स लगाएमा बोलपत्र दाताले टिपेक्स लगाएको ठाउँमा दस्तखत गरेको हुनु पर्नेछ ।

९) वोलपत्र स्वीकृत भएपछि सूचना पाएको वा पत्रिकामा सूचना प्रकाशन भएको मितिले ७(सात) दिन भित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । मुनासिब कारण बाहेक सो अवधि भित्र सम्झौता गरी ठेक्कापट्टा नलिएमा निजको धरौटी रकम जफत गरी त्यसपछिको क्रमानुसार रितपूर्वकको बोलपत्रदातालाई नियमानुसार ठेक्का सम्झौता गर्न सूचना दिन सकिनेछ ।

१०) ठेक्काको स्वीकृत रकम एकमुष्ट बुझाएमा स्वीकृत अंकमा बढीमा १० प्रतिशत छुट दिन सकिनेछ । बराबर अंक कबोल भई किस्ता बन्दी र एकमुष्ट रकम बुझाउने ठेक्काको सम्बन्धमा निर्णय गर्दा एकमुष्ट रकम बुझाउनेलाई प्राथमिकता दिई दमक नगरपालिकाले निर्णय गर्नेछ ।

११) किस्तावन्दी रुपमा रकम वुझाउंदा ठेकेदारले आफूले कबोल गरेको कुल रकम ३ (तिन) किस्तामा वुझाउनु पर्नेछ । पहिलो किस्ता रकम सम्झौता गर्नु अगावै वुझाउनु पर्नेछ । त्यसपछि दुई किस्ता मध्ये दोस्रो किस्ताको रकम मंसिर मसान्त र तेस्रो किस्ताको रकम फाल्गुण मसान्त भित्र वुझाउनु पर्नेछ । साथै यसरी किस्तावन्दीमा रकम बुझाउदा ठेकेदारले ठेक्का कवोल गरेको अंकमा दोश्रो र तेश्रो किस्ताको रकम बरावरको जमानत वापत नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त क वर्गको वाणिज्य वैकवाट सम्झौता अवधि सम्मको बैंक ग्यारेन्टी सम्झौता गर्नु पूर्व पेश गर्नु पर्नेछ ।

१२) किस्ता रकम म्याद भित्र वुझाउनु पर्नेछ । म्याद भित्र नवुझाएमा दमक नगरपालिकालाई ०.०२ प्रतिशत प्रति दिन, सो किस्तामा वुझाउन वाँकी रकमको हिसावले हुन आउने जरिवाना रकम ठेकेदारले तिर्नु पर्नेछ ।

१३) ठेकेदारसंग ठेक्का सम्झौता गर्दा एकमुष्ट रकम बुझाउनेको हकमा सम्पूर्ण रकम दाखिला गरिसकेपछि र किस्तावन्दी बुझाउनेको हकमा पहिलो किस्ता वुझाएको रकम वाहेक दोस्रो र तेस्रो किस्ताको वुझाउन वाँकी रकम वरावरको यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य वैंकबाट जारी गरिएको २०७५ आषाढ मसान्तसम्म अवधि भएको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) वा ठेक्काको दोस्रो र तेस्रो किस्ताको हुन आउने रकम नगदै पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी चलनपूर्जि दिइने छ । ठेक्का रकम एकमुष्ठ नवुझाई किस्तामा बुझाउने ठेकेदारले बांकी रकमको बैंक ग्यारेण्टी पेश गर्दा आफूले कबोल गरेको कबोल अंक चुक्ता हुने गरीको बैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।

१४) ठेक्का संचालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार वुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सवै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा वुझाउनु पर्नेछ ।

१५) दमक नगरपालिकालाई रकम वुझाउनु पर्ने वाँकी वक्यौता भएका व्यक्ति वा फर्महरुले त्यस्तो बांकी रकम नबुझाएसम्म निजको बोलपत्र स्वीकृत गरिने छैन ।

१६) ठेक्का अवधि भर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बांकी रकममा १० प्रतिशत व्याज जोडी असुल उपर गरिने छ । यसरी ठेक्का तोडिन गई बांकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कवोल गरे भन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि पूर्व ठेकेदारबाटै सरकारी बांकी सरह असुल उपर गरिनेछ ।

१७) ठेक्का अवधिका सम्वन्धमा उत्खनन, संकलन तथा विक्री वितरण २०७५ असोज १५ देखि २०७६ जेठ मसान्तसम्मको हुनेछ । २०७५ असोज १५ भन्दा अगावै सम्झौता भएमा दामासाहीको हिसावले सम्वन्धित ठेकेदारवाट थप रकम अशुल गरीने छ ।

नि.प्रमुख प्रशासकीय अधिकृत
दमक नगरपालिका

Scanned by CamScanner

"हरित नगर,समृद्ध दमक"

# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दमक–झापा
१ नं. प्रदेश, नेपाल

☎०२३-५८००४४, ५८०१३७, ५८०५०२, ५८१०५३
फ्याक्स नं. ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प०सं०

च०नं० ११८१

१८) विभिन्न नदी/खोलाहरुबाट निकालिने निर्माण सामाग्री निकाल्दा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार निकाल्नु पर्नेछ। तोकिए बमोजिमका पुल पुलेसा, संरक्षण क्षेत्र, मसानघाट आदिको US (उत्तर) मा ५०० मिटर र DS (दक्षिण) मा ५०० मिटर बाहिरबाट मात्र र खोलाको मध्यम भागवाट मात्र संकलन, उत्खनन गर्ने तथा दमक नगरपालिकाको स्वीकृती लिई उपयुक्त स्थानमा मात्र हेभी मेसिनरी उपकरण जस्तै स्क्याभेटर, डोजर आदि प्रयोग गरी स्वीकृत IEE प्रतिवेदन र नेपाल सरकारको नीति निर्देशन अनुसार खोलाको सतहलाई IEE प्रतिवेदनले तोके भन्दा गहिरो नहुने गरी सो भित्रबाट मात्र निर्माण सामाग्री निकाल्नु पर्नेछ। साथै महत्वपुर्ण राष्ट्रिय राजमार्गहरुमा सुख्खा निर्माण सामाग्री मात्र ओसार पसार गर्नु पर्नेछ। विभिन्न खोलाबाट निकालिने निर्माण सामाग्री विक्री मुल्य करको ठेक्का लिए पश्चात् निर्माण सामाग्री उठाउन रोक लागे/लगाएमा ठेकेदार स्वयं आफैले मिलाई कर संकलन गर्नु पर्नेछ। कुनै कारणवस कर संकलन गर्न बाधा परेको कारणबाट कुनै पनि छुट मिनाहा दावी गर्न नपाइने र सो छुट मिनाहा दिन कार्यालय बाँध्य हुने छैन। निर्माण सामाग्री निकाल्दा विभिन्न खोलाहरुमा स्वीकृत IEE प्रतिवेदन अनुसार तोकिएको परिमाण र नांका भित्र मात्र सिमित रही निर्माण सामाग्री निकाल्नु पर्नेछ। सो तोकिएको परिमाण तथा नांका भन्दा बाहिर गई निर्माण सामाग्री निकाल्न पाईने छैन। साथै निर्माण सामाग्री उत्खनन गर्ने समय विहान सूर्योदय देखि बेलुका सूर्यास्तसम्म मात्र हुनेछ। साथै निर्माण सामाग्री ओसार पसार गर्ने सडकहरुका खाल्डा खुल्डी पुर्ने, सामान्य मर्मत सुधार गर्ने र कच्ची सडकको धुलो नियन्त्रण का लागि समय समयमा पानीले सडक भिजाउने कार्य सम्वन्धित ठेकेदारले गर्नु पर्नेछ। यस किसिमका उजुरीहरु स्थानीय स्तरवाट आउन नदिने गरी सम्वन्धित ठेकेदारले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ, सो वापतको खर्च दावी गर्न पाईने छैन।

१९) नदीजन्य सामाग्रीहरु उत्खनन/संकलन गर्दा मावा खोलाको दुम्से खण्ड-१ बाट ५,८५० घ.मि., दुम्से खण्ड-२ बाट २७,००० घ.मि., दुम्से खण्ड ३ प्रगति टोलवाट पश्चिम दमक ३ वाट १८००० घ.मि., दुम्से खण्ड ४ अमिलोवोटे दक्षिणवाट १६,२०० घ.मि. दुम्से खण्ड ५ अमिलोबोटे दमक ३ वाट १६००० घ.मि., दुम्से खण्ड ६ दुधे वाट १०५०० घ.मि., पानीघट्टा दमक ३ वाट १०५०० घ.मि., गोलाटार खण्डवाट ७५०० घ.मि., दोघरे दमक ३ वाट १२,००० घ.मि., माथिल्लो तारावारीवाट ५२५० घ.मि., तारावारी डिपु दमक ३ र ४ वाट ५२५० घ.मि., रतुवा खोला तर्फ बालुवाटार दमक ८ बाट ४८०० घ.मि., सयपत्री टोल दमक १ र ७ वाट १२००० घ.मि., निर्माणाधिन रतुवा पुल ५०० मी. उत्तरबाट १५००० घ.मि., खरायो कटेज दमक १ र २ उत्तर १५००० घ.मि., त्रिवेणी टोल दमक २ बाट १९८०० घ.मि., रतुवा खोला बेलडागी खण्ड १ पूर्ववाट ४९६०० घ.मि. र मावा तर्फ तोरीवारी नाकावाट ४०१०२ घ.मि. र रतुवा खोला दोभान देखि उत्तरवाट ३०,००० घ.मि. उत्खनन गर्नु पर्नेछ। उत्खनन गर्ने परिमाण ठेगाना एवं नाकाको विस्तृत विवरण बोलपत्र साथ संलग्न गरी उपलब्ध गराईनेछ।

२०) बोलपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने दिन विदा पर्न गएमा उक्त कार्य सोको क्रमशः भोलिपल्ट हुनेछ।

२१) कुनै पनि कर शुल्क वा विक्री मूल्य असुल उपर गर्न राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढांट वा तगारो राखी कर शुल्क र मुल्य असुल गर्न पाइने छैन र कर संकलन गर्ने स्थानमा कर संकलन गरिने वस्तुहरुको मुल्य सहितको सूची सर्वसाधारणले देख्ने गरी ठेकेदारले आफ्नै तर्फबाट अनिवार्य रुपमा राख्नु पर्नेछ।

२२) कुनै कारण देखाई वा नदेखाई ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार दमक नगरपालिकालाई रहनेछ।

२३) शर्त राखी पेश गरेको, रीत नपुगेको र म्याद नाघी आएका बोलपत्र माथि कारवाही हुने छैन।

२४) यस कार्यालयको छाप र कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित नगरिएको बोलपत्रलाई मान्यता दिइने छैन।

२५) रोडा, ढुंगा, बालुवा, ग्राभेल तथा गिट्टी संकलन तथा निकासी सम्वन्धमा नेपाल सरकारवाट स्वीकृत नियमन सम्वन्धी प्रतिवेदन पालना गर्नु पर्नेछ।

२६) अनुमगन गर्दा कानून र मापदण्ड वमोजिम कार्य गरेको नपाईएमा तत्काल कानून वमोजिम कारवाही गरिनेछ।

२७) IEE प्रतिवेदनले तोकेको स्थान/नांकाबाट तोकेको परिमाणमा मात्र उत्खनन र संकलन गर्न पाईनेछ। यसरी उत्खनन गरेको परिमाणको लागत प्रत्येक १५/१५ दिनमा दमक नगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ। उत्खनन/संकलन गरिसकेको नदीजन्य सामाग्रीलाई घाटगद्दी गरेर मात्र विक्री वितरण गर्नु पर्नेछ। यसरी उत्खनन/संकलन तथा घाटगद्दी

नि.प्रमुख प्रशासकीय अधिकृत
दमक नगरपालिका

Scanned by CamScanner

"हरित नगर,समृद्ध दमक"

# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दमक–झापा
१ नं. प्रदेश, नेपाल

☎०२३-५८००४४, ५८०१३७, ५८०५०२, ५८१०५३
फ्याक्स नं. ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प०सं०

च०नं० ११८१

गर्दाको लागत स्वयं ठेकेदारले बेहोर्नु पर्नेछ। तोकिएको परिमाणभन्दा घटी परिमाणमा निर्माण सामाग्री उत्खनन/संकलन भएको कारणले कुनै छुट मिनाहा माग्न पाईने छैन।

२८) मिन्हा माफी तथा छुट सम्वन्धमा : यस सुचना वमोजिम संझौता भई ठेक्का चलानपूर्जी जारी गरीएपछि कूनै किसिमको मिनाहा वा छुट हुने छैन।

२९) माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु स्थानीय सरकार संचालन ऐन, २०७४, दमक नगरपालिकाको आर्थिक ऐन, २०७५ सम्झौताका बखतमा समेत निर्धारित हुनेछन्।

३०) अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा दमक नगरपालिकाको राजश्व र वातावरण शाखामा सम्पर्क राख्न सकिनेछ।

०६/२/५/१४

..............................
शालिग्राम काफ्ले
नि.प्रमुख प्रशासकिय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत
दमक नगरपालिका

Scanned by CamScanner